**स्थानीय राजपत्र**

**केराबारी गाउँपालिकाद्वारा प्रकाशित**

**खण्ड ७, संख्या १२, असोज ३०, २०८०**

**भाग-२**

# केराबारी गाउँपालिकाको विद्यालय लेखापरीक्षण कार्यविधि-२०८०

स्वीकृत मिति २०८०।०६।३०

**प्रमाणिकरण मितिः२०८०।०६।३०**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) (ज) मा रहेको विद्यालय शिक्षा सम्बन्धी काम, कर्तव्य र अधिकार एवम् केराबारी गाउँपालिकाको शिक्षा ऐन, २०७५ को खण्ड (ख) दफा (३३) ले दिएको अधिकार प्रयोग गरी केराबारी गाउँपालिका, गाउँकार्यपालिकाले विद्यालय लेखापरीक्षण कार्यविधि, २०८० जारी गरेको छ ।

## परिच्छेद -१

१. क) संक्षिप्त नाम र प्रारम्भ : यस कार्यविधिको नाम **"केराबारी गाउँपालिकाको विद्यालय लेखापरीक्षण कार्यविधि, २०८०"** रहेको छ ।

ख) यो कार्यविधि केराबारी गाउँपालिका क्षेत्रभित्र लागू हुनेछ ।

ग) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) "ऐन" भन्नाले स्थानीय सरकार सन्चालन ऐन, २०७४ सम्झनुपर्छ ।

ख) "कार्यविधि" भन्नाले **"केराबारी गाउँपालिकाको विद्यालय लेखापरीक्षण कार्यविधि, २०८०"** सम्झनुपर्छ ।

ग) "गाउँपालिका" भन्नाले केराबारी गाउँपालिकालाई सम्झनुपर्छ ।

घ) "अध्यक्ष" भन्नाले केराबारी गाउँपालिकााको अध्यक्ष सम्झनुपर्छ ।

ङ)	"उपाध्यक्ष" भन्नाले केराबारी गाउँपालिकाको उपाध्यक्ष सम्झ नुपर्छ ।

च)	"प्रमुख प्रशासकीय अधिकृत" भन्नाले केराबारी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

छ)	"शिक्षा शाखा" भन्नाले केराबारी गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखालाई सम्झनुपर्छ ।

ज)	"आन्तरिक लेखा परीक्षण शाखा" भन्नाले केराबारी गाउँपालिकाको आन्तरीक लेखापरीक्षण शाखा वा इकाईलाई सम्झनुपर्छ

झ) "लेखापरीक्षण" भन्नाले केराबारी गाउँपालिका क्षेत्रमा सञ्चालित विद्यालयहरु र समुदायमा आधारित बालविकास केन्द्रहरुको लेखा तथा लेखासँग सम्बन्धित कामको परीक्षण र त्यसको आधारमा गरिने मूल्यांकन तथा विश्लेषण र सम्परीक्षण गर्ने कार्य समेतलाई जनाउनेछ । सो शब्दले आन्तरिक र अन्तिम दुवै लेखापरीक्षणलाई जनाउँछ ।

ञ)	"लेखापरीक्षक भन्नाले" लेखापरीक्षण गर्नको लागि प्रचलित कानुन बमोजिम प्रमाणपत्र प्राप्त व्यक्ति/संस्था वा फर्मलाई जनाउँछ ।

ट) “बालविकास केन्द्र” भन्नाले समुदायमा आधारित बालविकास केन्द्र सम्झनुपर्छ ।

## परिच्छेद -२
## लेखापरीक्षण सम्बन्धी व्यवस्था

३. केराबारी गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयहरु र बालविकास केन्द्रहरुको आन्तरिक र अन्तिम लेखापरीक्षण सम्बन्धी कार्य देहाय अनुसार हुनेछ ।

क) यस गाउँपालिका भित्र रहेका सम्पूर्ण सामुदायिक विद्यालयलहरु र बालविकास केन्द्रहरुको अन्तिम लेखापरीक्षण गर्ने कार्य प्रचलित कानून बमोजिम दर्ता भएका रजिष्टर लेखापरीक्षकहरु मध्येबाट गाउँपालिकाले तोकेको लेखापरीक्षकबाट प्रत्येक वर्ष हुनेछ । साथै संस्थागत विद्यालयहरुबाट समेत अन्तिम लेखापरीक्षणको लागि गाउँपालिकामा अनुरोध भइ आएमा गाउँपालिकाले लेखापरीक्षक छनौट गरी खटाउन सक्नेछ ।

ख) गाउँपालिकाले प्रत्येक वर्ष नमूनाको रुपमा कम्तीमा ३ ओटा सामुदायिक विद्यालयहरुको आन्तरिक लेखापरीक्षण गाउँपालिकाको आन्तरिक लेखापरीक्षण शाखामार्फत गर्नसक्नेछ । आन्तरिक लेखापरीक्षण गर्दा

सामान्यतया चौमासिक रुपमा गर्नुपर्नेछ र आन्तरिक लेखापरीक्षकले सो को प्रतिवेदन सम्बन्धित विद्यालय र गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

४. **लेखापरीक्षक नियुक्तिका लागि संलग्न गर्नुपर्ने कागजातहरुः**गाउँपालिकाबाट विद्यालयहरु तथा बालविकास केन्द्रहरुको अन्तिम लेखापरीक्षण गर्नका लागि प्रकाशित सूचना अनुसार इच्छुक दर्तावाल निवेदकहरुले देहाय अनुसारका कागजातहरु संलग्न गर्नु पर्नेछ :

क) लेखापरीक्षकको नवीकरण भएको पेशागत प्रमाण पत्रको प्रतिलिपि ।

ख) आन्तरिक राजश्व कार्यालयबाट कर दर्ता र कर चुक्ता गरेको प्रमाण पत्र ।

ग) PAN/VAT दर्ता प्रमाणपत्रको प्रतिलिपि

घ) कुनै पनि कारणबाट लेखापरीक्षण गर्न बन्देज नभएको स्वः घोषणा भएको पत्र ।

५. विद्यालयको लेखापरीक्षण सम्बन्धी निवेदनको ढाँचा, सिफारिसको ढाँचा, लेखापरीक्षक नियुक्तिको ढाँचा अनुसुचि १ र २ मा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद -३
## लेखापरीक्षक छनोट समिति

६. यस गाउँपालिकाभित्र सन्चालित सामुदायिक विद्यालयहरु र बालविकास केन्द्रहरुको अन्तिम लेखापरीक्षण गर्नका लागि गाउँपालिकामा देहाय अनुसारको एक लेखापरीक्षक छनौट समिति रहनेछ ।

क) प्रमुख प्रशासकीय अधिकृत
संयोजक

ख) शिक्षा शाखा प्रमुख
सदस्य

ग) आन्तरिक लेखापरीक्षण शाखा प्रमुख सदस्य-सचिव

७. **लेखापरीक्षक छनौट समितिको काम, कर्तव्य र अधिकार**: सामुदायिक विद्यालयहरु र बालविकास केन्द्रहरुको अन्तिम लेखापरीक्षण कार्यलाई प्रभावकारी, पारदर्शी एवम् व्यवस्थित बनाउनका लागि लेखापरीक्षक छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) प्रत्येक आर्थिक वर्ष सुरु भएको २ महिना भित्र अन्तिम लेखापरीक्षणको लागि कार्यालयको वेभसाईट र सूचना पाटीमा कम्तीमा १५ (पन्ध्र) दिनको सार्वजनिक सूचना प्रकाशित गरी इच्छुक लेखापरीक्षकहरुबाट निवेदन माग गर्ने ।

ख) कार्यालयमा रितपूर्वक पेश भएका निवेदनहरु स्वीकृत गर्ने ।

ग) बुँदा नं. (क) अनुसार माग भएका निवेदनहरु उपर छानविन गर्ने र लेखापरीक्षक छनौट गर्ने ।

घ) लेखापरीक्षक नियुक्ति गर्ने र सो को जानकारी सम्बन्धित लेखापरीक्षक र विद्यालयहरु साथै बालविकास केन्द्रहरुलाई दिने ।

ङ) लेखापरीक्षण सम्बन्धमा आइपरेका समस्याहरुका बारेमा बैठक बसी आवश्यक निर्णय लिने । समितिले समाधान गर्न नसकेका विषयहरु गाउँकार्यपालिकाको बैठकमा पेश गर्ने ।

च) लेखापरीक्षण पश्चात प्राप्त प्रतिवेदनहरु अध्ययन गरी बेरुजु विवरणका बारेमा छलफल गर्ने । बेरुजु फर्छ्यौटको लागि विद्यालयहरुसँग कार्य योजना माग गर्ने र सम्परीक्षण गराउन सहजीकरण गर्ने एवम् आवश्यक निर्देशन दिने ।

छ) लेखा एवम् लेखापरीक्षणको सम्बन्धमा विद्यालय र बालविकास केन्द्रहरुको अनुगमन एवम् निरीक्षण गरी गाउँकार्यपालिकामा प्रतिवेदन पेश गर्ने ।

ज) एउटै लेखा परीक्षकलाई एउटै विद्यालयमा ३ वर्ष पुरा नभइ दोहोर्याएर लेखापरीक्षण गर्नका लागि छनौट नगर्ने ।

झ) लेखापरीक्षण सम्बन्धमा संघीय सरकार, प्रदेश सरकार र गाउँकार्यपालिकाबाट प्रचलित कानून बमोजिम दिएको निर्देशन अनुसार अन्य कार्य गर्ने ।

८. **विद्यालय र बालविकास केन्द्रको कर्तव्य :** क)गाउँपालिकाबाट नियुक्त भै खटाईएको लेखापरीक्षकबाट तोकिएको समयावधिभित्र लेखापरीक्षण गर्नु गराउनु सम्बन्धित विद्यालय र बालविकास केन्द्रको कर्तव्य हुनेछ ।

ख)गाउँपालिकाबाट खटाइएको लेखापरीक्षकबाट तोकिएको समयमा लेखापरीक्षण नगराएमा गाउँपालिकाले त्यस्ता विद्यालय/बालविकास केन्द्रको अनुदान निकासा लगायतका अन्य सुविधाहरुमा रोक लगाउन सक्नेछ ।

९. **लेखापरीक्षकको नियूक्तिः** क) दफा (६) बमोजिम छनौट समितिले सिफारिस गरे अनुसार प्रमुख प्रशासकीय अधिकृतले लेखापरीक्षकलाई नियुक्ति प्रदान गर्नेछ ।

ख) छनोट भएको लेखापरीक्षकले तोकिएको समयसिमाभित्र तोकिएको विद्यालय तथा बालविकास केन्द्रको लेखापरीक्षण सम्पन्न गरी सम्बन्धित विद्यालय, बालविकास केन्द्र र गाउँपालिकामा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

## परिच्छेद ४
## लेखापरीक्षकको पारिश्रमिक

१०. **लेखापरीक्षकको पारिश्रमिक** :क) गाउँपालिकाले तोकेको लेखापरीक्षकलाई सम्बन्धित विद्यालयले देहाय अनुसार पारिश्रमिक उपलब्ध गराउनुपर्नेछ :

अ) कक्षा १-१२ सञ्चालित विद्यालयको हकमा विद्यालयको आय/व्यय  विवरणका आधारमा सयकडा ०.१५ प्रतिशतका दरले पारिश्रमिक उपलब्ध गराउनुपर्नेछ तर यसरी पारिश्रमिक भुक्तानी गर्दा प्रति विद्यालय अधिकतम ५० हजार रुपैयाँ र न्यूनतम २५ हजार रुपैयाँको सिमा कायम गर्नुपर्नेछ ।

आ) कक्षा १-१० सञ्चालित विद्यालयको हकमा प्रति विद्यालय अधिकतम २५ हजार रुपैयाँ र न्यूनतम २० हजार रुपैयाँ ।

इ) कक्षा १-८ सञ्चालित विद्यालयको हकमा प्रति विद्यालय अधिकतम २० हजार रुपैयाँ र न्यूनतम १५ हजार रुपैयाँ ।

ई) कक्षा १-५ सञ्चालित विद्यालयको हकमा प्रति विद्यालय अधिकतम १५ हजार रुपैयाँ र न्यूनतम १० हजार रुपैयाँ ।

उ) कक्षा १-३ सञ्चालित विद्यालयको हकमा प्रति विद्यालय अधिकतम ७ हजार रुपैयाँ ।

समुदायमा सञ्चालित बालविकास केन्द्रको लेखापरीक्षण सम्बन्धमा गाउँकार्यपालिकाले आवश्यक निर्णय गर्नेछ ।

ख) यस दफाको प्रयोजनको लागि आय/व्यय विवरणमा स्थिर सम्पत्ति मूल्यांकन र मुद्दती खाताको रकम समावेश हुनेछैन । लेखापरीक्षकले गाउँपालिकामा प्रतिवेदन बुझाएको भरपाईको निस्सा पेश गरे पछि मात्र सम्बन्धित विद्यालयले लेखापरीक्षकहरुलाई पारिश्रमिक भुक्तानी दिनुपर्नेछ । नियमानुसार लाग्ने आय कर कट्टी गर्ने दायित्व विद्यालय स्वयंमको हुनेछ ।

ग) गाउँपालिकाले तोकेको भन्दा बढी पारिश्रमिक भुक्तानी गर्न पाईनेछैन सो भन्दा बढी रकम भुक्तानी गरेमा सम्बन्धित विद्यालय नै जवाफदेही हुनेछ । लेखापरीक्षकले तोकिएभन्दा बढी पारिश्रमिक माग गरेमा विद्यालयले तुरुन्त गाउँपालिकामा जानकारी गराउनुपर्नेछ ।

घ) लेखापरीक्षकको नियुक्ति रद्द गर्ने लगायतका अन्य अधिकार समितिमा सुरक्षित रहनेछ ।

## परिच्छेद -५
## आन्तरिक लेखापरीक्षण

११. गाउँपालिका भित्र सञ्चालित विद्यालयहरुको आन्तरिक लेखापरीक्षण गाउँपालिकाको आन्तरिक लेखापरीक्षण शाखाले

कार्यालयले तोकेबमोजिम गर्नुपर्नेछ र वार्षिक प्रतिवेदन आ.व. समाप्त भएको १ महिना भित्र विद्यालय, विद्यालय व्यवस्थापन समिति र गाउँपालिका समक्ष पेश गर्नुपर्नेछ ।

१२. आन्तरिक लेखा परीक्षणबाट देखिएका गल्ती, कमजोरी सच्याउने दायित्व सम्बन्धित विद्यालयको हुनेछ ।

१३. आन्तरिक लेखापरीक्षण गरे वापत विद्यालय/बालविकास केन्द्रबाट पारिश्रमिक लिन/दिन पाइनेछैन । आन्तरिक लेखापरीक्षलाई गाउँपालिकाको कार्यालयले आवश्यक पारिश्रमिक उपलब्ध गराउनुपर्नेछ ।

## परिच्छेद - ६
## अन्तिम लेखापरीक्षण उपर कारवाही

१४. अन्तिम लेखापरीक्षकले दिएको लेखापरीक्षण प्रतिवेदन स्तरीय, सन्तोषजनक र चित्त बुझ्दो नभएमा प्रमुख प्रशासकीय अधिकृतले सोको लिखित जानकारी महालेखा परीक्षकको कार्यालय समक्ष राय सहित पठाउनुपर्नेछ । उक्त लेखापरीक्षण प्रतिवेदन उपर महालेखा परीक्षकको कार्यालयबाट प्राप्त निर्देशन वा सुझावको कार्यान्वयन गाउँपालिकाले गर्नुपर्नेछ ।

## परिच्छेद -७
## वेरुजु र सम्परीक्षण

१५. आन्तरिक र अन्तिम लेखापरीक्षणबाट कायम भएको बेरुजुको लगत तयार गर्ने र सम्परीक्षणको लागि आवश्यक कागजात

सहित गाउँपालिकामा पेश गर्ने दायित्व सम्बन्धित विद्यालय/बालविकास केन्द्रको हुनेछ ।

१६. बेरुजु फछ्र्यौट गरी सम्परीक्षण गराउने दायित्व भएका अधिकार प्राप्त अधिकारी वा कर्मचारी सरुवा वा बढुवा वा अवकास भई कार्यालय छाड्नु पर्दा निजले फछ्र्योट गर्न बाँकी रहेको बेरुजु लगत तथा कारोवार सम्बन्धी कारबाहीको सम्पूर्ण विवरण खोली वहालवाला जिम्मेवारी प्राप्त अधिकारीलाई बझाउनुपर्नेछ भने जिम्मेवारी प्राप्त अधिकारीले उपरोक्त बमोजिम बुझिलिई बेरुजु फछ्र्यौट गर्नु गराउनुपर्नेछ ।

१७. यो कार्यविधि लागू गर्ने सिलसिलामा कुनै बाधा आइपरेमा गाउँकार्यपालिकाको निर्णयले फुकाउन सकिनेछ ।

# अनुसूची (१)

## लेखापरीक्षकले दिने निवेदनको ढाँचा

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू

............... गाउँपालिका

................गाउँ कार्यपालिकाको कार्यालय,

**विषय : विद्यालयको लेखापरीक्षणका लागि निवेदन पेश गरेको बारे ।**

महोदय,

प्रस्तुत विषयमा यस गाउँपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालय/बालविकास केन्द्रहरुको आ.व...........को लेखापरीक्षणका लागि प्रकाशित सूचना बमोजिम निवेदन माग गरिएकोमा, मेरा नाममा रहेको लेखापरीक्षण संस्थाबाट यस गाउँपालिका अन्तर्गतका विद्यालय/बालविकास केन्द्रहरुको अन्तिम लेखापरीक्षणका गर्नका लागि निवेदन पत्र साथ तपशील बमोजिमका कागजात संलग्न गरी निवेदन पेश गरेको व्यहोरा सादर अनुरोध गर्दछु । लेखापरीक्षण गर्ने अवसर प्राप्त भएमा प्रचलित कानूनको परिधि भित्र रहि सत्य तथ्य एवं पारदर्शिता अपनाई तोकिएको समयमा लेखापरीक्षण गर्ने प्रतिवद्दता समेत पेश गर्दछु ।

................

(लेखापरीक्षक)

<u>संलग्न कागजातहरु:</u>

क)

ख)

**अनुसूची २**

**(लेखापरीक्षक नियुक्तिको ढाँचा)**

श्री ......................

..................................

**विषय : लेखापरीक्षक नियूक्त गरिएको ।**

प्रस्तुत विषयमा **केराबारी गाउँपालिकाको विद्यालय लेखापरीक्षण कार्यविधि, २०८०**"को दफा ६ बमोजिमको समितिको सिफारिसका आधारमा तपाईलाई ........................विद्यालय/बालविकास केन्द्रको अन्तिम लेखापरीक्षण गर्नका लागि नियुक्त गरिएको छ। अतः यो नियुक्ती पत्र प्राप्त भएको मितिले ३ (तीन) महिना भित्र यस कार्यविधि र प्रचलित कानूनको परिधिभित्र रही अन्तिम लेखा परीक्षण सम्पन्न गरी सो को प्रतिवेदन विद्यालय, बालविकास केन्द्र र यस गाउँपालिकामा अनिवार्य रुपमा पेश गर्नुहुन जानकारी गराइन्छ ।

**बोधार्थ** :

श्री महालेखा परीक्षकको कार्यालय, बबरमहल, काठमाण्डौं

श्री नेपाल चार्टड एकाउन्टेन्ट्स संस्था, बबरमहल, काठमाण्डौं ।

श्री ......................विद्यालय

श्री .........................बालविकास केन्द्र

आज्ञाले,

सुवास श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत